नयाँ सन्देश
NAYA SANDESH WEEKLY www.nayasandesh.com साप्ताहिक
साहित्य
बिहीबार, २७ साउन २०६७
Thursday, August 12, 2010

## जिन्दगी



■ बिमला सुच्चा राई

जिन्दगी खोई कस्तो जिन्दगी...?
विष्मयको खाल्डोमा भित्रिएको जिन्दगी
पिडा र व्यर्थको अनकन्टार भारी बोकेको छु
आँखा भित्र आँसु लुकाई हाँसी रहेछु
खोई कस्तो जिन्दगी...??
मुख छ चाहेर बोल्न सकिन
आँखा छ चाहेर हेर्न सकिन
तसर्थ
म लाटो छु, अन्धो छु
सहाराविहिन भएको छु
खोई कस्तो जिन्दगी ...???
मसँग मुटु छ चाहेर ढुक्ढुकाउन सकिन
जीवन त पाएँ, परिभाषा दिन सकिन
सुन्दर संसार पनि भग्नावशेष भएछ
अनभिज्ञ छु जिन्दगी त केवल पर्दा मात्रै रहेछ
प्रश्नै प्रश्नको जिन्दगी, उत्तर खोजी रहेछु
क्रान्तिको विगुल फुकी युद्ध गरी रहेछु
खोई कस्तो जिन्दगी... खोई कस्तो जिन्दगी...????

भोजपुर वैकुण्ठे - ३
हाल क्याम्बर्ली, वेलायत

## मेरो देश



■ श्रीमती चन्दा मानन्धर 'प्रतिमा'

मलाई लाग्छ प्यारो मेरो देश नेपाल
हरियो डाँडा-काँडा भएको देश नेपाल

गर्व छ मलाई नेपाली भनाउनमा
झलझलती आउँछ आमाको मुहार आँखामा

सगरमाथा, मकालु, कंचनजंघाको सिरानी
गण्डकी, कर्णाली, वाग्मतीको ओछ्यान भएकी

बुद्ध र सीताले जन्म लिएको देश नेपाल
विश्वमा सर्वश्रेष्ठ छ मेरो देश नेपाल

तराईको समथल भूमि हरियो वनले ओगटेका छन्
लहलहाउँदो हरियो धानवाला पनि त्यहीं झुल्दछन्

पहाडका खोंच तरेली लेकवेंसीमा
कलकल झरना रंग विरंगी फल-फूलमा

प्रकृतिको अनुपम छटा बसेको छ मेरो मनका
देशको माटो देशको हावाले हुर्केको यो शरीरमा

विदेशी भूमिमा जीवनोपाय खोजी आज बसेकी छु
स्वदेशको मायालाई मुटुभित्र साँची राखेकी छु ॥

## शब्दको धुकधुकी



■ देवेन्द्र खेरेस

सुरूमा उनीहरूले मेरा हातबाट कलम खोसे
मैले आफ्नै औँलाहरूलाई कलम बनाएर लेखेँ

त्यसपछि उनीहरूले मेरा कापी चोरे
मैले पर्खाल र भित्ताहरूमा लेखें

अन्तिममा उनीहरूले मेरो मसी र औँला नै बेपत्ता पार्‍यो
मैले जीवनका पाटापाटा खिपेर रगतमा चोब्दै लेखेँ

जब उनीहरू मसँग केही छैन भनेर ढुक्क भए
तब मैले मेरो अस्तित्वका शब्दहरू चम्काइचम्काई लेखेँ ।

# सञ्चारकर्मीको आँखामा लागू पदार्थ प्रयोगकर्ता

■ **जनकऋषि चाम्लिङ राई**

कुनैबेला धरानको परिचय दिनु पर्‍यो भने 'ड्रग्स एडिक्ट' को सहर भनिन्थ्यो । वास्तवमा धरानमा मात्र होइन नेपालकै प्रमुख सहरहरूमा लागू औषधको प्रयोग हुन्थ्यो । तर, धरान नामको बदनाम यसरी किन गरियो भने अनेक उपमा दिएपछि धरानको लागि आएको विकास निर्माणका कार्यहरूलाई सुरक्षा वा समाजिक कारण देखाएर अन्यत्र लान सकिन्थ्यो । भएको के होभने अन्य सहरको तुलनामा धरानका युवाहरूले 'हामी लागू पदार्थ प्रयोगकर्ता हौं है' भनेर खुलेर आएका थिए । जुन पारदर्शितालाई गलत अर्थमा प्रयोग गरियो । धरानका युवाहरूले जसरी आफ्नो कमजोरी स्वीकारेर आए त्यहि शैलीमा लागू पदार्थ प्रयोगको अवस्था पनि अन्य सहरको तुलनामा कम हुँदै आएको छ । अहिले धरानका प्रायजसो युवाहरू पुनर्स्थापन अर्थात रिकभरिङको अवस्थामा छन् । धरानमा लागू पदार्थ प्रयोगको अवस्था पहिलेकोभन्दा घटेको कुरा नै यहाँबाट प्रकाशित पत्रिकाका सम्पादकहरूको पनि भनाई रहेको छ । यो कुराको पुष्टि गर्दै मर्निङ टाइम्स दैनिकका सम्पादक बासुदेव बराल-"संख्यात्मकरूपमा पहिलेको भन्दा धेरै घटेका छन् । हाम्रा समकालिन साथीहरू धेरैले नै लागू औषध प्रयोग गर्थे भने अहिले चेतनाको कारणले पनि हुनसक्छ वा प्रशाशनको सक्रियताले पनि हुन सक्छ लागू पदार्थ प्रयोगकर्ताहरू घटेका छन् ।"

धरानमा खुलेका पुनर्स्थापना केन्द्र वा पूर्व लागू औषध प्रयोगकर्ताको संगठन रिकभरिङको कारणले पनि लागू औषध प्रयोगमा कमी हुनमा सहयोग गरेको बराल बताउँछन् । अहिले लागू औषध प्रयोग कम भईरहेको अवस्थामा सञ्चारकर्मीले पनि सकारात्मक भूमिका खेल्नु पर्ने बासुदेव बराल बताउँछन् । सञ्चारकर्मीको सकारात्मक भूमिकाले धरानको पछिल्लो पुस्तालाई पनि सकारात्मक बनाउने कुरा पनि बराल दावि गर्छन् । सञ्चारकर्मीले खेल्नु पर्ने सकारात्मक भूमिका के हो त ? बताउँदै बराल-"पूर्व लागू औषध प्रयोगकर्ताले समाजिकरूपमा गरेको सकारात्मक कामलाई पत्रिकामा उचित स्थान दिनुपर्छ ता कि उनीहरूमा हौसला होस् हामीले गरेको काम पनि समाजमा स्थापित भयो भन्ने प्रकारको भावनाको विकास होस् जसले गर्दा उनीहरूलाई अझ धेरै राम्रो काम गर्ने हौसला मिल्नेछ र समाजप्रति अझ जिम्मेवार बनाउँछ ।"

> "विगतमा हामी सञ्चारकर्मीहरूले पनि सरकारी शैलीमा नै लागू औषध प्रयोगकर्तालाई अपराधी देख्ने गरेका थियौं । त्यसबीचमा लागू औषध प्रयोगकर्ता र सञ्चारकर्मीबीच केही तनावहरू पनि भए । तर, हामीले हाम्रो हेराईलाई तुरून्त बदल्यौं । हामीले स्वीकार गर्‍यौं कि उनीहरू अपराधी होइनन् समाजिक मनोरोगी हुन् ।"

अहिले सञ्चार क्षेत्रले लागू औषध प्रयोगकर्तालाई अपराधीको रूपमा नहेरी समाजको एउटा अंगको रूपमा स्वीकारेको कुरा ब्लास्ट टाइम्स दैनिकका कार्यकारी सम्पादक राजेश विद्रोही बताउँछन् । सञ्चारक्षेत्रको यो हेराईले नै लागू पदार्थ प्रयोगकर्तालाई समाजले पनि पहिलभन्दा अहिले अलिक सहजरूपमा स्वीकारेको बिद्रोहीको दावि छ । लागू पदार्थ प्रयोगकर्तालाई हेर्ने पहिले अहिलेको दुष्टिकोण तुलना गर्दै विद्रोही भन्छन्-"पहिले लागूऔषध प्रयोगकर्तालाई घृणित र हेयात्मकरूपमा समाजले हेर्थे भने अहिले हेराईमा परिवर्तन आएको छ । उनीहरूलाई पुनर्स्थापित गर्नुपर्छ वा श्रृजनात्मक काममा प्रयोग गर्नुपर्छ भन्ने दिशातर्फ समाजले सोंच्न थालेको छ । यो सोंचाई ल्याउनमा सञ्चार क्षेत्रले महत्वपूर्ण भूमिका खेलेको छ ।"

अहिले, लागू पदार्थ प्रयोगकर्ता भन्नासाथ अपराधि ठान्ने समाजिक मनोविज्ञानको अन्त्य हुँदै जानुमा पनि सञ्चार क्षेत्रले सकारात्मक भूमिका भएको राजेश विद्रोही बताउँछन् । लागू पदार्थ प्रयोगकर्ता हामी समाजभित्रकै भाइछोरा वा दिदीबहिनी हुनेभएकोले उनीहरूलाई अपराधीको रूपमा हेर्न नहुने तर्क गर्दै राजेश विद्रोही-"उनीहरूलाई अपराधीको रूपमा हेर्नुभन्दा पनि लागू औषध प्रयोगको क्षैत्रमा किन लागे त यसको मनो-समाजिक कारणको खोजी गर्दै निर्मूल गर्न समाजले आफ्नो भूमिका खोज्नु पर्छ वा राज्यले नीतिगतरूपमा सहयोग गर्नुपर्छ ।"

औजार दैनिकका प्रमुख समाचारदाता रोहित राई पनि लागू औषधको प्रयोग त घटेको स्वीकार्छन् तर भर्खरैमात्र ठुलो परिमाण सहित लागू औषधको वितरकलाई पक्राउ गरिएकोले भित्रीरूपमा यसको प्रयोग बढिरहेको छ कि भन्ने आशंका व्यक्त गर्छन् । राई भन्छन्-"भित्रीरूपमा लागू औषधको व्यापार भएकोले लागू औषधको प्रयोगलाई हामीले पहिलेको भन्दा कम ठानेका हौं कि ?" यद्यपि, अहिले पूर्व लागू औषध प्रयोगकर्ताहरूले आफ्नो संगठन बनाएको कारणले पनि युवा लागू औषध प्रयोगबाट टाढा रहेको अनुमान रोहित राईको रहेको छ । यो अवस्थामा सञ्चार क्षेत्रले पनि सहयोग गर्नु पर्ने बारे बताउँदै औजार दैनिकका प्रमुख समाचारदाता रोहित राई-"सांगठननिक रूपमा गरेको कार्यलाई हामीले प्रोत्साहन दिएर समाजप्रति जिम्मेवार बनाउनुपर्छ । केही साथीहरूले गर्ने गलत कार्यलाई संस्थागत ढंगले मुछेर लानुभन्दा पनि संस्थागत ढंगले त्यसको समाधान खोज्नुपर्छ ।"

वास्तवमा, लागू औषध प्रयोगकर्तालाई अपराधीको रूपमा हेरेकोले नै लागू पदार्थ प्रयोगको सवाल अलिक जटिल बनेको हो । हेराईको जटिलतासँग फास्ट टाइम्स दैनिकका सम्पादक केशव घिमिरे पनि सहमत छन् । लागू पदार्थ प्रयोगकर्ता पनि समाजभित्रको सदस्य भएकोले उसलाई अपराधीको व्यवहार गर्न नहुने घिमिरे बताउँछन् "लागू पदार्थ प्रयोगकर्तालाई अपराधीको रूपमा हेर्न हुन्न ।" घिमिरे भन्छन्- "नेपलिमा कानुनलाई व्याख्या गर्ने आ-आफ्नै परिपाटी छ । लागु पदार्थ प्रयोग गरेपछि उनीहरूले अपराध गर्छन् भन्ने मान्यता राखेकोले कानुनले प्रतिरक्षाको लागि बाटो खोजेको हुनाले शुरूमै अपराधी मानेको हुनसक्छ । तर, उनीहरूलाई जेलमा सजाय दिदैमा यो समस्या अन्त्य हुँदैन, यो त परामर्शको पाटो हो । किनकि, कोही पनि मान्छे जन्मदैं लागू औषध प्रयोगकर्ता भएर जन्मदैन । "

यति हुँदाहुँदै पनि लागू औषध प्रयोगकर्तामध्ये केहीको चरित्र अपराधी चरित्र भएकोले राज्यले नै नियन्त्रण गर्नु पर्ने बताउँछन् केशव घिमिरे । घिमिरेको सुझाव छ त्यस्ता चरित्रका साथीहरूलाई पूर्व लागू औषध प्रयोगकर्ताको संगठनले पनि साथ दिनु हुन्न । विगतमा सरकारी हेराई अनुसार नै सञ्चार क्षेत्रले लागू पदार्थ प्रयोगकर्तालाई अपराधीजस्तो व्यवहार गरेकोले सम्बन्ध पनि बिग्रिएको तर अहिले समस्या नरहेको बताउँदै केशव घिमिरे-"विगतमा हामी सञ्चारकर्मीहरूले पनि सरकारी शैलीमा नै लागू औषध प्रयोगकर्तालाई अपराधी देख्ने गरेका थियौं । त्यसबीचमा लागू औषध प्रयोगकर्ता र सञ्चारकर्मीबीच केही तनावहरू पनि भए । तर, हामीले हाम्रो हेराईलाई तुरून्त बदल्यौं । हामीले स्वीकार गर्‍यौं कि उनीहरू अपराधी होइनन् समाजिक मनोरोगी हुन् ।"

सञ्चारकर्मीको सकारात्मक पहलकदमीले लागू औषध प्रयोगकर्तालाई हेर्ने दृष्टिकोणमा सकारात्मकता आएपनि कहिलेकाहीँ सञ्चारकर्मी आफै पनि पूर्व लागू औषध प्रयोगकर्ता व्यक्तिबाट मजाले धम्की पनि खानु परेको छ । सांगठानिकरूपमा सञ्चारकर्मी र लागू औषध प्रयोगकर्ताबीचको सम्बन्ध सुमधुर भएपनि केही पूर्व लागू औषध प्रयोगकर्ताले मज्जाले नै आफूहरूलाई थर्काउने गरेको पनि सञ्चारकर्मीले भूलेका छैनन् । लागू पदार्थ प्रयोगकर्तालाई हेर्ने पहिलेको र अहिलेको अवस्था फरकभए जस्तै सञ्चारकर्मीलाई थर्काउने कुरामा पनि फरक भएको छ । कस्तो फरक छ त मर्निङ टाइम्स दैनिकका सम्पादक बासुदेव बराल भन्छन्-"हिजो बेहोसीमा थर्काउथे, आज होसमै थर्काउछन् । हामी त समाजमा भएका कुरा जस्ताको तस्ते राख्ने हो र पनि धम्की आउँछ । तर, सबै साथीहरू त्यस्ता छैनन् ।"

*यो फिचर धरान समाज युकेको लागि निकेश लिम्बू र किशन गुरूङ (रिचर्ड)को सहयोगमा तयार पारिएको हो ।*

Email-janak_chamling@yahoo.com